नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
जेष्ठ/आषाढ २०८० (June 2023) वर्ष २६/अङ्क २९२

## "सुसमाचार"

- पाष्टर घन श्याम दाहाल

सुसमाचार भन्नाले खुशीको खबर, सन्देशलाई जनाउँछ भने बाइबल धर्मशास्त्रअनुसार परमेश्वरको महान आज्ञा र उहाँको योजनालाई जनाउँदछ ।

**"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्** (यूहन्ना ३:१६) ।

परमेश्वरको योजना नै प्रत्येक मानिस नाश नहोस् र प्रत्येकले अनन्त जीवन पाओस् भन्ने नै हो । त्यसैले परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, आफ्नो एक मात्र पुत्र येशू ख्रीष्टलाई सम्पूर्ण अधिकार दिएर संसारमा पठाउनुभएको छ । यसैले पुत्र येशू ख्रीष्टमा विश्वास गर्ने प्रत्येकले अनन्त जीवन प्राप्त गर्नेछ । परमेश्वरद्वारा गरिएको कार्य सबै मानिसहरूका निम्ति मुक्ति र उद्धारको लागि हो । परमेश्वरले सम्पूर्ण मानव जातिको लागि निम्तो दिर्नुभएको छ । उक्त निम्तोलाई हृदयले विश्वास गरेर मुखले स्वीकार गरी अनन्त जीवनको भागीदार बन्न सकिन्छ । हामी जति जनाले उहाँको निम्तोलाई हृदयले विश्वास गरी आफ्नो मुखले स्वीकार गरी उहाँलाई ग्रहण गरेर उहाँका सन्तान भएका छौं । यसैले हामी उहाँका सन्तान भएको कारणले उहाँलाई पुकार्ने अधिकार प्राप्त गरेका छौं । हामी उहाँका सन्तान भएको हुनाले उहाँको आज्ञाहरू सबै पालन गर्नुपर्ने हुन्छ ।

**अनि उहाँले तिनीहरूलाई भन्नुभयो, ...सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर** (मर्कूस १६:१५) ।

हाम्रो बोलावट के हो र हामी किन बोलाइएका छौं ? आज हामीलाई उहाँले बोलाउनुभयो र छान्नुभयो र नियुक्ति पनि गर्नुभएको छ ।

**त्यसपछि येशू डाँडामा उक्लनुभयो र उहाँले चाहनुभएका जतिलाई बोलाउनुभयो र तिनीहरू उहाँकहाँ आए । आफूसँग रहन र प्रचार गर्न पठाउनलाई ...** (मर्कूस ३:१३-१४) ।

पहिलो कुरा त हामीलाई उहाँका साथमा रहन र उहाँबाट सिक्नका लागि बोलाउनुभयो । ख्रीष्टको साथमा रहेर सिकिसकेपछि फेरि सुसमाचार प्रचार गर्न जानका लागि पनि हो । हामीलाई बोलाउनुहुने व्यक्तिलाई हामीले राम्रोसँग चिनेको हुनुपर्दछ । उहाँलाई राम्ररी चिन्नको लागि उहाँसँग धेरै भन्दा धेरै समय बिताउनु आवश्यक हुन्छ अनि मात्र उहाँलाई चिन्न सकिन्छ । **मेरो जुवा आफूमाथि लेओ र मसँग सिक किनभने म विनम्र र कोमल हृदयको छु ...** (मत्ती ११:२९) ।

हामी किन बोलाइएका छौं ? र हाम्रो जिम्मेवारी के हो ? प्रभुका दास पावलले रोमी १:१ मा लेखेका छन् । **म पावल, येशू ख्रीष्टको दास प्रेरित हुनलाई बोलाइएको, परमेश्वरको त्यस सुसमाचारको निम्ति अलग गरिएको हुँ** (रोमी १:१) ।

पावल जस्तो प्रभुको दास आफैले आफैलाई दासको रूपमा समर्पण गरेका छन् । दासको अर्थचाहिँ आफ्नो कुनै पनि अधिकार नभएको तर सम्पूर्ण अधिकार मालिकमा निहित हुने बुझिन्छ । पावलले आफैलाई सम्पूर्ण रूपमा ख्रीष्टमा सुम्पेका छन् र आफ्नो जिम्मेवारी परमेश्वरको सुसमाचार गर्नु हो भनेका छन् । उक्त कामको लागि मलाई परमेश्वरतर्फ अलग गरिएको छु, म त्यस कार्यको निम्ति नियुक्ति भएको छु ।

**ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान होस् वा निर्बुद्धि, सबैको म ऋणी छु । यसैले सकेसम्म तिमी रोममा हुनेहरूलाई सुसमाचार प्रचार गर्न म उत्सुक छु । किनकि सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि** (रोमी १:१४-१६) ।

यस खण्डको आधारमा पावलले आफैलाई यहूदी जातिहरूको लागि शिक्षित, अशिक्षित, बुद्धिमान वा बुद्धि नभएको सबैको लागि सुसमाचारको निम्ति सुम्पेका छन् । त्यस कार्यका लागि आफैलाई जुनसुकै बेलामा पनि तयारी रहेको हृदयको वेदना व्यक्त गरेका छन् । त्यसको लागि जस्तो सुकै मूल्य चुकाउन तयारी भएको कुरा उनको जीवनले देखाउँछ । सुसमाचार प्रचार गरेको अवस्थामा यदि म मर्नुपर्छ र बलिदान हुनुपर्दछ भने पनि म डराउँदिन र शर्माउने पनि छैन । पहिलो त यहूदी जातिहरूका लागि अनि अन्य सबै जातिका लागि म उत्सुक छु, शर्माउँदिन, डराउँदिन यसैको निम्ति म छानिएर अलग गरिएको हुँ ।

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
| **जेष्ठ २७** June 10 | पाष्टर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर बाग मान तामाङ्ग | डीकन भूपाल लामा | श्रीमती निशा तामाङ्ग | पाष्टर शरण राई | पाष्टर रूबेन श्रेष्ठ | श्री अन्जान घले | एल्डर आमोस खालिङ | डीकन कृष्ण नगरकोटी | डीकनेस् रुष माया तामाङ्ग |
| **आषाढ २** June 17 | एल्डर अर्जुन ढकाल | एल्डर मान ब. मगर | अतिथी वक्ता | डीकन राम ब. तामाङ्ग | श्री विजय तामाङ्ग | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | डीकनेस् रीता अधिकारी | श्री जीवन खालिङ | श्री सिमोन लामा | एल्डर गोपी राई |
| **आषाढ ९** June 24 | श्री लेखनाथ पौडेल | डीकन कान्छा श्रेष्ठ | श्रीमती सुशिला नेवा | एल्डर दान ब. अधिकारी | एल्डर पूर्ण सुनुवार | एल्डर सीता गुरूङ्ग | पाष्टर रूबेन श्रेष्ठ | श्री हरिस्चन्द्र महर्जन | श्री विश्वास थापा | एल्डर भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ |
| **आषाढ १६** July 1 | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | डीकन कुमार गज्मेर | डीकनेस् सरीता नकर्मी | श्री मिन ब. तामाङ्ग | पाष्टर दफ्तन सादा | डीकन सिमोन भण्डारी | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर जनक लाल श्रेष्ठ | एल्डर लाक्पा लामा |

**मलाई तिमीहरूले चुनेनौ, तर मैले तिमीहरूलाई चुनैं र तिमीहरूलाई नियुक्त गरैं, कि तिमीहरू जाओ र फल फलाओ, अनि तिमीहरूको फल फलिरहोस् । यसैले तिमीहरूले पितासँग मेरो नाउँमा जे मागौला, उहाँले तिमीहरूलाई सो दिनुहुनेछ** (यूहन्ना १५:१६) ।

आज हामीलाई पनि परमेश्वरले चुन्नुभएको छ, हामी आफैले उहाँलाई चुनेनौं । उहाँले हामीलाई चुन्नुभयो, छान्नुभयो र नियुक्ति पनि गर्नुभएको छ । हामी पनि विशेष् परमेश्वरका जातिहरू हौं र विशेष कामको लागि अलग गरिएका छौं । विशेष कामचाहिँ परमेश्वरको सुसमाचार हो । सुसमाचारको लागि हामी ऋणी छौं । हाम्रा मानिसहरू, धनीहरू, गरीबहरू, शिक्षितहरू, अशिक्षितहरू, सबैको लागि । जुनसुकै बेला पनि यस कामको लागि के आफैलाई सुम्पन उत्सुक र तयार छौं ? सुसमाचारको लागि जस्तो सुकै मूल्य चुकाउनका लागि के हामी जानलाई तयार छौं ? पावल भन्दछन् फिलिप्पी १:१८ मा चाहे बहानामा, चाहे सत्यमा खीष्ट प्रचारिओस् यसमा म रमाउँछु । पावलले जसरी हृदयबाट भनेका छन्, त्यसरी नै भन्न र गर्नलाई के हामी तयार छौं ? यदि हामी तयार छौं भने मत्ती ५:१३-१६ येशू खीष्टले मत्ती ५:१-१२ डाँडाको उपदेश "घोषणा पत्र" चेलाहरूलाई बताइसक्नुभए पछि **"तिमीहरू पृथ्वीका नून हौ, तर नूनको स्वाद यो भने त्यो केले फेरि नुनिलो पारिने र ? त्यो त बाहिर फालिन र मानिसका खुट्टाले कुल्चनबाहेक अरू केही कामको हुँदैन । तिमीहरू संसारका ज्योति हौ । डाँडामा बसालिएको सहर लुक्न सक्दैन । मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ । यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्** (मत्ती ५:१३-१६) । जिम्मेवारीको बारेमा चेलाहरूलाई बताउनुभएको कुरालाई याद गरौं र सोहीअनुसार नूनको जस्तो साक्षी बन्ने आफै मरेर स्वाद ल्याउने र ज्योति जस्तै बलेर अरूलाई उज्यालोतिर ल्याउने काममा दिन तयार हुन सकौं । हामीले आ-आफ्नो जिम्मेवारीलाई खुशी र आनन्दसाथ पूरा गरिराखेका छौं ? नून र ज्योतिको काम गरिराखेका छौं ? आफैले आफैलाई जाँचौं ? नूनले स्वाद ल्याउने काम गर्दछ, तिर्खा जगाउने काम गर्दछ संरक्षण गर्ने काम (कुहिनबाट बचाउने), निको पार्ने (चंगाईको काम), शुद्धिकरण गर्ने काम, करार बाँध्ने काम आदि ।

हामी सबै जनालाई परमेश्वरले चुन्नुभयो, छान्नुभयो र नियुक्ति पनि दिनुभएको छ । हामी सबै जनाले परमेश्वरले दिनुभएको सुसमाचार प्रचार गर्नुपर्ने आ-आफ्नो जिम्मेवारी पूरा गर्नलाई प्रभुका दास पावलको जस्तो समर्पित जीवन जिउन हामी सबैलाई परमेश्वरले अनग्रह गरून् ।

## नेइम मिशन सम्मेलनको जानकारी

जेष्ठ ८-११ गते/मे २२-२५ तारिख, सोमबारदेखि बिहीबारसम्म नेइम मिशन सम्मेलन नेइम ज्ञानेश्वर चर्चमा सम्पन्न भयो र मिशन सम्मेलन सफलतापूर्वक सम्पन्न हुनको लागि प्रार्थना, र अरू क्षेत्रहरूबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा नेइम मिशन विभाग धन्यवाद आभार प्रकट गर्दछ ।

मिशन सम्मेलनमा २२ वटा जिल्लाको ८५ वटा शाखा/आवद्ध मण्डलीहरूबाट २२४ जना सहभागी भएका थिए । काठमाडौं, ललितपुर र भक्तपुर गरी २५ जिल्लाबाट सहभागी भएका थिए । ज्ञानेश्वर, गोंगबूँ, ललितपुर र जोरपाटीबाट जम्मा २५२ जना गरी जम्मा ४८४ जनाको सहभागिता थियो ।

## जानकारी

जेष्ठ ६ गते/मे २० तारिख शनिबार नेइम ललितपुर चर्चमा ३ जना बाल बालिकाहरूको बाल अर्पण भयो ।

वैशाख ३० गते/मे १३ तारिख शनिबार नेइम जोरपाटी चर्चका ५ जना र चाँगु चर्चका ४ जना साथै जेष्ठ ६ गते/मे २० तारिख शनिबार नेइम डाँछी चर्चका १७ जना बाल-बालिकाहरूको बाल अर्पण भयो ।

साँखु बस्नुहुने नेइम साँखु चर्चको सदस्य श्रीमती विष्णुप्यारी डंगोल ७३ वर्षको उमेरमा जेष्ठ २ गते/मे १६ मंगलबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जेष्ठ २७** June 10 | अतिथि | एल्डर कृष्ण तामाङ्ग | श्री चित्र खड्का | एल्डर गोपी राई | डीकन भक्तिराज लामा | डीकन उमेश मगर | डीकन अमृत लामा | श्री कुमार सेन्चुरी | एल्डर बी.एन पण्डित | एल्डर बेन्जामिन तामाङ्ग | श्री चन्द्र मोक्तान |
| **आषाढ २** June 17 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर राज गुरूङ्ग | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर पिटर लिम्बू | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई | डीकन डि.बी. राई |
| **आषाढ ९** June 24 | एल्डर पेशल राइ | श्री चित्र खड्का | एल्डर अष्ट श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन अमृत लामा | पाष्टर बर्णबास श्रेष्ठ | श्री सिलास रोक्का | एल्डर बी.एन पण्डित | एल्डर पिटर लिम्बू |
| **आषाढ १६** July 1 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर कर्ण तामाङ्ग | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर जोरविर राई |

# हार्दिक बधाई



वैशाख २४ गते/मे ७ तारिख, आइतबार नेइम गोंगबूँ चर्चको सदस्य श्री सुजन बि.क र रिभरभ्यू, अष्ट्रेलियाको सदस्य सुश्री सुजिता तामाङ्गको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ७ गते/मे २१ तारिख, आइतबार नेइम डाँछी चर्चको सदस्य श्री अनिमेष सुनार र गोकर्ण डिसाइपल चर्चको सदस्य सुश्री अनु गुरूङ्गको गोकर्ण डिसाइपल चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २७ गते/मे १० तारिख, बुधबार नेइम सिर्जनानगर चर्चको सदस्यहरू श्री रवि कुमार प्रजापति र सुश्री महिमा खालिङ राईको नेइम सिर्जनानगर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २८ गते/मे ११ तारिख, बिहीबार नेइम गोंगबूँ चर्चको सदस्य सुश्री रीता बि.क. र हिमालयन गोस्पल चर्च, जडीबुटीको सदस्य श्री राम कुमार सुनारको नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ४ गते/मे १८ तारिख, बिहीबार नेइम जोरपाटी चर्चको सदस्य श्री आनन तामाङ्ग र नेइम जहरसिंहपौवा चर्चको सदस्य सुश्री रसिला नगरकोटीको नेइम डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डलीपरिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री, उप प्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं

२. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दु:ख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

४. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

५. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २१ 4<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ तिमोथी ३:१६-१७ | २८ 11<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैँ हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | ३ 18<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून्।<br>रोमी ४:२५ | १० 25<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार** Monday | २२ 5<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैँ प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २९ 12<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैँ धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ४ 19<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | ११ 26<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| **मंगलबार** Tuesday | २३ 6<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैँ प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>प्रेरित १०:१-२ | ३० 13<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ५ 20<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ | १२ 27<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार** Wednesday | २४ 7<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा, अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ३१ 14<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून्।<br>२ कोरिन्थी ३:२-३ | ६ 21<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून्।<br>मत्ती ५:१०-१२ | १३ 28<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **बिहीबार** Thursday | २५ 8<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | ३२ 15<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक रूपमा मात्र वृद्धि हुने होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | ७ 22<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | १४ 29<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार** Friday | २६ 9<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | १ आषाढ 16<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | ८ 23<br>देशभरि रहेका मण्डलीहरूले चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस्।<br>२ इतिहास २०:२१-३० | १५ 30<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार** Saturday | २७ 10<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | २ 17<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८ | ९ 24<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पीडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | १६ July 1<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |

**जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्को छत्रछायामुनि रहन्छ । परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु ।" निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट र घातक रूढीबाट बचाउनुहुनेछ । उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ । उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ । तिमी रातको ठूलो त्रासदेखि, र दिनमा उडेर आउने बाणदेखि डराउनेछैनौ न त अन्धकारमा फैलिने रूढीदेखि, न मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउनेछौ ।**

**भजनसंग्रह ९१:१-६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,